# ब्याँस गाउँपालिकाको विनियोजन ऐन

# २०७५/०७६

ब्यास गाउँपालिका

सून्सेरा दार्चुला

७ नं प्रदेश नेपाल

**२०७५ श्रावण**

**ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गेर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन।**

सभाबाट स्वीकृत मिति :

**प्रस्तावना :** गाउँ नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१) यस ऐनको नाम : ब्याँस गाउँपालिकाको विनियोजन ऐन २०७५ रेहेको छ।

२) यो ऐन गाउँ सभाले पारित गरेको दिन देखि तुरन्त लागु हुनेछ।

## २) आर्थिक वर्ष २०७५/७६ को निमित्त संचित कोष बाट रकम खर्च गर्ने अधिकार

(१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँकार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १मा उल्लेखित चालु खर्च, पुजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २५८०१४००० अक्षरेपी (पच्चिस करोड अस्सी लाख चौध हजार) रुपया मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोष बाट खर्च गर्न सकिने छ।

### ३) बिनियोजन

१) यस ऐन द्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७५ को निमित्त ब्याँस गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचतहुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षक बाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्नेगरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पुजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजन रकम साबा भुक्तानी, खर्च र ब्याज भुक्तानी शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय ब्यवस्था अन्तरगत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याँज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुजीगत खर्च र वित्तीय ब्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोत बाट अन्य स्रोत मा रकम सार्न सकिने छ।

३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि एक शिर्षक बाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ।